# पाँचौ नगर सभाको अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम

**२०७६/०७७**

लालीगुराँस नगरपालिका

बसन्तपुर, तेह्रथुम

१ नं प्रदेश नेपाल

**लालीगुराँस नगरपालिका बसन्तपुर तेह्रथुम**

**नगरप्रमुख श्री अर्जुन माबोहाङद्वारा पाँचौ नगर सभाको अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम**

**२०७६/०७७**

यस गरिमामय पाँचौ नगरसभा तथा तेश्रो वजेट अधिवेशनमा उपस्थित हुनु भएका श्रदेय नगर सभा सदस्यज्यूहरु। यस कार्यक्रमलाइ प्रत्यक्ष प्रशारण गरिरहेको रेडियो तीनजुरे सुनिरहनु भएका आदरणीय नगरवासी दिदी वहिनी तथा दाजु भाइहरु। कार्यालयका कर्मचारी मित्रहरु । आज हामी गरिमामय पाँचौ नगरसभा समारोहमा उपस्थित भएका छौ । यस पावन अवसरमा सर्वप्रथम मुलकको समय सापेक्ष परिवर्तनका लागि आफ्नो ज्यान आहुती दिनुहुने ज्ञातअज्ञात आदरणीय शहीदहरु प्रति हार्दिक सम्मान र श्रद्दाञ्जली अर्पण गर्दछु । यस सम्मानित सभा समक्ष नगरपालिकाले अवलम्वन तथा सञ्चालन गरिरहेका नीति कार्यक्रमहरु संक्षेपीकरण तथा आगामी आ.व. २०७६/७७ मा यस नगरपालिकाले अनुसरण तथा सम्पादन गर्ने नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा म हर्षित भएको छु । यो नीति कार्यक्रम तयार पार्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचिलत अन्य कानुनहरु, दीगो विकास लक्ष, नेपाल पक्ष राष्ट्र भइ गरेका अन्तराष्ट्रिय प्रतिवद्दता, विद्वत वर्ग, विषय विज्ञ तथा सहकर्मी मित्रहरुको राय सल्लाह र आफूले कार्यसंपादन गरिरहँदाका अनुभवहरु समेतलाइ आधार मानेको छु । नगरपालिकाले आत्मसाथ गरेको “**कृषि र पर्यटन विकासको आधार, सुशासन र समृद्द लालीगुराँस हाम्रो कार्यभार**” भन्ने मुल नारालाइ सार्थक पार्न गत विगत वर्षमा थालनी गरिएका मुख्यमुख्य विषय क्षेत्र तथा आगामी वर्ष अवलम्वन गरिने नीतिगत ब्यवस्था तथा क्षेत्रगत कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

संघीयताको कार्यान्वयगर्ने क्रममा राज्यको पुनरसंरचना भइ रहदाँ तीनतहको सरकारको परिकल्पना गरियो । तीनै तहका सरकारहरुको काम कर्तब्य र अधिकारको क्षेत्र संविधानमानै उल्लेख गरिए अनुसार आ-आफ्नो क्षेत्राधिकार भित्रको अधिकारको उपयोग गरी कार्यसम्पादन तथा सेवा प्रवाह गर्नु संरचागत सरकारको कर्तब्य हो । यसै मान्यतामा अडिक भई यस चालु आ.व. मानै हमीलाइ आवश्यक पर्ने नीति नियम तथा कार्यविधि निर्माण र कार्यान्वयन गर्ने कामलाइ प्रमुख प्राथमिकतामा राखियो । फलश्वरुप नगर शिक्षा ऐन, सहकारी ऐन लगायत अन्य ऐन तथा कार्यविधिहरु निर्माण गरी राजपत्र प्रकाशन गरिसकिएको छ । उक्त प्रकाशित राजपत्र सरोकारवालहरु समक्ष उपलब्ध समेत गराइ सकिएको छ ।

हामीले स्थानीय निर्वाचनताका नगरवासी नागरिकहरु समक्ष शिक्षाको गुणात्मक सुधार गर्ने, स्वास्थमा उपकरण सहितको विषेशज्ञ सेवा सुलभढंगले उपलब्ध गराउने, नगरका सवै वस्तिहरुमा सार्वजनिक यातायातको पहुँच पुर्याउने, कृषिको ब्यवसायीकरण गर्ने तथा अर्गानिक कृषि उत्पादनलाइ वढवा दिने, स्थानीय स्तरमै स्वरोजगारका अवसरहरु सिर्जना गर्न विषेश प्रयत्न गर्ने छौ भनि कवोल गरेका थियौ । यिनै नागरिक सामु गरेका कवोलहरुनै हाम्रो कार्य सम्पादनको मार्ग दर्शन मानि सवै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको कक्षा सञ्चालन गरी पठनपाठन भइरहेको छ । जसकोलागि आवश्यक पर्ने जनशक्ति नगरपालिकालेनै ब्यवस्थापन गरेको छ । हामीले स्थानीय

सरकारको जिम्मेवारी सम्मालीरहँदा  सामुदायिक विद्यालयहरुमा थुप्रै दरवन्दीहरु रिक्त थिए शिक्षक जनशक्ति अभावका कारण विद्यालयका कक्षा सञ्चालनमा कठिनाइ थियो अभिभावक लगाय विद्यलय ब्यवस्थापन पक्षको असीम गुनासो आइरहन्थ्यो । पदपूर्ति गर्न कानूनको अभाव थियो अनुमानका भरमा तर्कहरु हुने गर्दथे शिक्षा समन्वय इकाइ साविक जिल्ला शिक्षा कार्यालयको मातहतमा रहेर शिक्षकको पदपूर्ति गर्ने वा नेपालको संविधानको अनुसूची ८ ले दिएका स्थानीय तहका एकल अधिकारको उपयोग गरी स्थानीय सरकारको हैसियतले आफैले ऐन निर्माण गरी ऐनवमोजिम पदपूर्ति गर्ने भन्ने दुई धारमा वहस चल्दथ्यो । स्थानीय तहले कानून वनाउन पाउने संवैधानिक अधिकारको प्रयोग गरी हामीलेनै शिक्षा ऐन निर्माण गरी ऐनले निर्देश गरेवमोजिम ४१ जना शिक्षक तथा विद्यालय कर्मचारीको पदपूर्ति गरी हाल पठनपाठन सुचारु रहेको छ  ।

नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा उपकरण सहितको विषेशज्ञ सेवा उपलब्ध गराउन बसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्रमा गर्भवती महिलाहरुलाइ विषेश लक्षित गरी विषेशज्ञ डाक्टरवाट महिनाको दोश्रो र चौथो शनिवार भिडियो एक्सरे सेवा सञ्चालन हुदै आएको छ । विरामीहरुलाइ नगर क्षेत्रका स्वास्थ्य संस्था तथा जिल्ला वाहिरका अस्पतालहरुमा सहज रुपमा आवतजावत गर्न एउटा एम्वुलेन्स खरिद गरी सञ्चालनमा छ भने वर्षातको समयमा कच्चीवाटोमा सहज रुपमा सञ्चालन हुन सक्ने जापानी टोएटा कम्पनीको ल्याण्डक्रुजर एम्वुलेन्स खरिद गर्न जापानी राजदुतावास र यस नगरपालिका वीच संझौता भइ सकेको छ । राजश्व छुटका लागि प्रक्रिया अगाडी वढाइएको छ ।

गत विगत वर्ष देखिनै यातायात सडक हाम्रो प्रथमिकताको विषय हो । सवै वडा कार्यालयहरुमा वाह्रैमहिना सार्वजनिक यातायात सञ्चालन हनु सक्ने गरी सडक निर्माण कार्य भइरहेको छ । वडा कार्यालय सम्म सार्जनिक यातायतका साधन पुर्याउन यातायात ब्यवसायीलाइ उत्प्रेरित गरिएको छ भने सार्वजनिक यातायात सञ्चालन हुन सम्भव नहुने क्षेत्रलाइ प्रथमिकता दिइ यातयातको सुविधा पुर्याउन नगरवस खरिद भइ सकेको छ । यथा शिघ्र सेवा संचालन हुनेछ भन्ने विश्वास दिलाउन चाहान्छु ।

अर्गानिक कृषिको ब्यवसायीककरणलाइ प्राथमिकता दिदै नगरपालिका क्षेत्रभर करीव ६० वटा कृषि समुह गठन भइ दर्ता भएका छन यिनै समुह मार्फत अर्गानिक र ब्यवसायिक खेति सञ्चालन हुदै आएको छ । एक्सनएड संगको साझेदारीमा अर्गानिक वस्ति छनौट गरी कार्य थालनी भइरहेको छ यस वाट स्वरोजागर सिर्जना हुनेमा दुविधा रहदैन

यस नगरपालिकाको आ.व. २०७४/०७५ को आन्तरिक लेखापरीक्षण म्याङलुङ नगरपालिकाको लेखापरीक्षकवाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट सम्पन्न भइ सकेको छ । लेखापरीक्षण प्रतिवेदन अनुसार हामीले गरेको खर्च तथा लेखाब्यवस्थापन सन्तोषजनक रहेको र उक्त ब्यहोराका समचारहरु विभिन्न संचार माध्यमले समेत प्रकाशन/प्रशारण गरेका थिए । स्थानीय सरकारको न्यायपालिकाको भूमिकामा रहेको न्यायिक समिति समक्ष पेश भएका मुद्दाको सुनुवाइ र फच्यौट नियमानुसार समय सीमा भित्रै हुँदै आएको छ । विकासमा नविनतम सीकाइकाको उदेश्यले नगर प्रमुखको संयोजकत्वमा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त टोली छिमेकी मुलुक भारतको धार्मिक शहरमा अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ । यसवाट विकासमा प्रविधि र सीप भित्रिनुका साथै विषेश गरी डीपीआर निर्माण गरी प्रदेश सरकार समक्ष पेश गरी सकिएको शिवजी थिमपार्क निर्माणमा सार्थकता आउने विश्वास गरिएको छ ।

यस नगरपालिकाले चालु आ.व.मानै सवै वडा कार्यालयमा इन्टरनेट सेवा जडान गरी सञ्चालनमा आएको छ भने ज्येष्ठनागरिक सम्मान, अपाङगताको भएका नागरिकहरुको अवस्था अनुसार घरमै गइ पहिचान तथा परिचयपत्र वितरण गरिएको छ त्यसैगरी अध्ययन अनुसन्धानको क्षेत्रमा समेत कामको थालनी गरेको छ । दुद र तरकारीको उत्पादन र वजारीगरण, झ्याउको सम्भावित उत्पादन र महत्वका साथै राई जाति, भोटे जाति, गुरुङ जाति, मगर जातिका खण्डिकृत तथ्याङक सहितको नगर पार्श्वचित्र तयारी हुदै गरेको छ । यसवाट लगानीको क्षेत्र तय गर्न सहज हुने मैले विश्वास लिएको छु ।

**नगरसभाका सदस्यज्यू हरुः**

अव म आ.व. २०७६/०७७ का लागि यस नगरपालिकाले लिएको क्षेत्रगत नीति कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## भौतिक पूर्वाधारः

- गत वर्षको नीति कार्यक्रममा नै नगरपालिका केन्द्रबाट वडा केन्द्रसम्म जाने सडक निर्माणलाई उच्च प्राथमिकतामा राखिएको थियो सोही अनुरुप आ.व. २०७८/२०७९ सम्ममा वडा केन्द्रसम्म जोड्ने पक्की नाली सहितको व्यवस्थित सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई सञ्चालन गर्दै लैजाने व्यवस्था मिलाईने छ । यसको लागि कतिपय योजना नगरपालिका आफैंले र कतिपय योजना नयाँ शहर आयोजनावाट सञ्चालन गरिदै आएको छ र आगामी दिनमा यो कार्यलाइ निरन्तरता दिइने छ ।
- नगरपालिका केन्द्र सम्म नगरबासी हरुको सहज आवत जावतमा पहुँच पुर्याउने उद्देश्यले सवै वडाकार्यालय सम्म नगर बस सञ्चालन गर्ने नीति लिईएको छ ।
- नगरपालिकाको सम्पूर्ण विकास योजना तर्जुमा गर्दा समूदायमा आधारित रहि सहभागितामुलक योजना तर्जुमा प्रकृया अवलम्वन गरी सवै जात जाती, वर्ग, समुदाय, लैङ्गिक समानता तथा समतामा मुलक विकास , सामाजिक परिचालन र गरीवी न्यूनीकरण गर्ने उद्देश्यका साथ समावेशी विकासको अवधारणा अनुसार कार्यक्रम तर्जुमा गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- यस नगरपालिकाको समष्टि विकास गर्नका लागि दीर्घकालिन योजनाको रुपमा ***एकीकृत शहरी विकास*** *(Integrated urban development plan)* योजना नयाँ शहर आयोजना मार्फत निर्माण भै रहेकोले उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ । सो योजना निर्माण सम्पन्न भएपछि उक्त गुरुयोजनाले प्राथमिकता गरे अनुसारको आधारमा बजेट विनियोजन गरी खर्च गर्ने परिपाटी अगाडी वढाइनेछ साथै यस नगरपालिकाको शहरी नक्साङ्कन (Urban mapping) गर्ने कार्य नयाँ सहर आयोजना मार्फत निर्माण गर्न अनुरोध गरिने छ । यसले सवै घरहरुको नम्वरिङ्ग (House Numbering), चोक तथा सडकहरुको नामाकरण र GIS व्यवस्थापन मार्फत नगरपालिकामा सूचना व्यवस्थापन, जग्गा तथा कर प्रणाली व्यवस्थापन समेतमा टेवा पुग्ने विश्वास लिइएको छ ।
- आयोजनाहरुलाइ पारदर्शी वनाउन तथा सरोकारवालाहरुलाइ सूचना प्रवाह होस भन्ने उदेश्यले नगरपालिका भित्र सञ्चालन हुने रु. ५ लाख भन्दा बढी लागतका योजनाहरुमा अनिवार्य रुपमा आयोजनाको विवरण उल्लेख भएको सूचना पाटी टाँस गर्नुपर्ने ब्यवस्थालाइ निरन्तरता दिइने छ ।
- नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माण सँग सम्वन्धित कार्यको गुणस्तर कायम गर्न अनुगमन, सुपरीवेक्षण र मूल्यांकन कार्य व्यवस्थित गरिने छ । साथै योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण, काम शुरु हुनुभन्दा अगाडी र काम सम्पन्न भएपछिको अवस्था झल्काउने फोटाहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने ब्यवस्थालाइ निरन्तरता दिइने छ ।

- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने सवै प्रकारका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा विशेष जोड दिइनेछ । सार्वजनिक सडकको दाँयाबाँया वृक्षारोपण गरी वायो इञ्जिनियरिङ्ग तथा हरित सडकको अवधारणालाइ सार्थक पार्ने नीति लिइने छ ।
- नगरपालिका भित्र पहिचान भएका रणनीतिक सडकहरुको आवश्यक मापदण्डहरु तय गरी उक्त सडकहरुको निर्माणलाइ प्राथमिकता दिइने छ ।
- नगरपालिका भित्रका सडक तथा अन्य आयोजनाहरुको अभिलेख (Inventory) तयारगरिनेछ ।
- नगरपालिका भित्र सञ्चालन हुने सबै प्रकारका कार्यक्रम तथा आयोजनाहरु जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गरि फरफारक गरिसक्न वार्षिक कार्ययोजना बनाई लागु गर्ने नीतिलाइ आगामी वर्ष देखि महत्वका साथ कार्यान्वयन गरिने छ । यसो गर्दा वित्तीय जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।
- प्रस्तावित रिङरोडलाइ नगरपालिकाको गौरवको आयोजनाको रुपमा लिदै आ.व. २०७८/२०७९ भित्र  पक्की नाली सहितको सडक निर्माण हुने अपेक्षा राखिएको छ  उक्त आयोजना सञ्चालन गर्न नयाँ शहर आयोजना संग आावश्यक  समन्वय र सहकार्य गरिने छ ।
- सडक निर्माण गर्दा अत्यावश्यक स्थान बाहेक ट्याक खोल्ने कामलाई निरुत्साहित गरिने छ । ट्याक खोली सकिएका सडकहरुमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्ने गरी निर्माण कार्यलाई प्राथमिकता दिइने छ । यसको लागी गरिने सोलिङ ग्राभेल सहित अन्य निर्माण कार्य गर्न नगरपालिका बाट सञ्चालन गरिएको एक्सावेटर र व्याक हु लोडरको अधिकतम उपयोग गर्ने नीति लिइएको छ ।
- आधुनिक वसपार्क निर्माण कार्य नयाँ शहर आयोजना मार्फत सुरु भैरहेकोले उक्त कार्य समयमा सम्पन्न गर्नका   लागि आवश्यक पहल र सहजीकरण गरिने  साथै नगर क्षेत्र भित्र सिटी हल, कभर्ड हल, खेलमैदान निर्माण, कार्यका लागि आवश्यक सहजीकरण र साझेदारीको नीति अवलम्वन गरिने छ ।
- सामुदायिक भवन, मन्दिर, गुम्बा, रोधिघर, चो?लुङहिम निर्मार्ण गरी नागरिकहरुको सार्वजानिक आवश्यकता पुरा गर्नुका साथै धार्मिक तथा सांस्कृतिक आस्था प्रति सम्मान गर्ने नीति लिईने छ ।

**स्वास्थ्य:**

- प्राथमिक स्वास्थ्य केन्द्र वसन्तपुरलाई २५ सैयाको अस्पतालको रुपमा विकास गर्न आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थाका लागि नेपाल सरकारसँग कार्ययोजना तयार गरी पेश गरिने छ । प्रत्येक वडा कार्यालयबाट सहज आधारभूत सेवा प्रदान गर्नका लागि प्रत्येक वडामा एक वटा स्वास्थ्य केन्द्र स्थापनाका लागि आवश्यक गृहकार्य गरिने छ ।
- नगरवासीहरुले सहज एवं सुलभ रुपमा स्वास्थ्य सेवा प्राप्त गरुन भन्ने उद्देश्यले प्राथमिक स्वास्थ्य केन्द्र बसन्तपुरमा स्वास्थ्य सम्बन्धी मेडिकल उपकरणहरु (इसीजी मेसिन, इलेक्ट्रोलाइट एनालाइजर, डिजिटल एक्सरे मिसिन खरिद गरी सञ्चालनमा ल्याइने छ । प्रसुति गृहमा AC जडान, USG मेसिन) खरिद गरी सेवा प्रवाहलाई सहज बनाउने प्रयत्न गरिएको छ । क्यान्सर रोगको निदान, आँखा रोगको उपचार लगायत आबश्यकतानुसार स्वास्थ्य शिवीरहरु सञ्चालन गरिने छ ।आगामी वर्षमा अन्य आधुनिक मेशिन जडान र स्वास्थ्यसँग सम्बन्धित कर्मचारीको व्यवस्था मिलाई नगरवासीलाई स्वास्थ्य सेवामा अझ बढी सहज पहुँचको व्यवस्था मिलाईने छ ।
- जनस्वास्थ्यसँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ सेवाको सिद्धान्तअनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकासका लागि विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरवासीहरुलाई औषधीको रुपमा प्रयोग हुने जडिबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- एम्बुलेन्स व्यवस्थापन गरी प्राथमिक स्वास्थ्य केन्द्र मार्फत सञ्चालनको व्यवस्था मिलाईने छ ।
- लागुऔषध दुरुपयोग तथा ओसारपसार विरुद्द सचेतीकरण कार्यक्रम सञ्चालन गरिनुका साथै न्यूट्रिसन, डाइटिङ जस्ता जीवनपयोगी विषयमा काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

## शिक्षा तथा खेलकुद

- नमुना विद्यालय निर्माणको कार्यक्रम बनाई चरणबद्ध रुपमा लागु गरिने व्यवस्था मिलाइने छ साथै राम्रो र गुणस्तरीय शिक्षा प्रदान गर्ने मध्ये उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक घोषण गर्ने नीति अवलम्वन गरिने छ ।
- यस नगरपाललिकाकै गौरवका रुपमा रहेको बसन्त क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न आबश्यक्तानुसार शैक्षिक कार्यक्रम सञ्चालन तथा जनशक्ति परिचालनको व्यवस्था मिलाइने छ , सोका लागि लागत साझेदारीको नीति लिइने छ साथै आवश्यक पर्ने भौतकि संरचना निर्माणका लागि जग्गा खरिद गर्न उपयुक्त स्रोतको खोजी गरिने छ ।
- सामूदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउनका लागि नगरपालिका क्षेत्र भित्र रहेका सामूदायिक विद्यालयहरुका आधारभूत तहमा अंग्रेजी शिक्षक (१ विद्यालय १शिक्षक) उपलब्ध गराउदै आएकोमा आगामी वर्ष पनि यसको निरन्तरता दिइने छ । साथै आवश्यकता अनुसार अन्य विद्यालयमा समेत आवश्यक सहयोग गरिने छ ।
- आधारभुत बाल विकास केन्द तथा लक्षित समूहका बालबालिकाहरुको पहुंच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याउने नीति अपनाइनेछ ।
- नगरक्षेत्रको सामुदायिक विद्यालयबाट SEE परीक्षामा सर्वोत्कृष्ट हुने अंक ल्याउने एक एक जना छात्र र छात्रा लाई सम्मान गरी पुरस्कृत गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका दलित समुदाय मध्येबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक एक जना छात्र र छात्रा लाई सम्मान गरी पुरस्कृत गरिने छ ।
- नगरस्तरीय खेलकुद विकास समिति गठन गरी सो समितिको समन्वयमा खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धन सम्वन्धी कार्यक्महरु सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स.हरुको साझेदारी (partnership) मा बालबालिकाको हित र कल्याणको लागि सहयोगात्मक (supportive) र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- विभिन्न जातिगत भाषा संरक्षण जस्तै लिम्बु, मगर, गुरुङ्ग, शेर्पा, तामाङ, भुजेल, याख्खा, राई भाषा जस्ता मातृ भाषा संरक्षण गर्नको लागि आवश्यक सहयोग पुर्याइने छ ।
- विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने वालवालिकालाई विद्यालय भि œयाउन आवश्यक पहल
  गर्ने नीति लिइनेछ ।
- बिद्यालयको बिद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दीको लेखाजोखा गरी दरबन्दी मिलान गर्ने गराउने कार्यमा जोड दिइनेछ ।
- खेलकुद र अनुशासनलाई आत्मसात गरी समृद्धि तर्फ लम्कन युवा पुस्तालाई प्रोत्साहित गर्ने नीति अबलम्बन गरिने छ ।
- व्याडमिन्टन खेललाई नगरको पहिचानको खेल बनाइने छ ।
- सिरिजङगा विश्वविद्यालयको प्रारुप तयार गर्न परामर्श सेवा मार्फत आवश्यक अध्ययन गरिने छ । प्राप्त प्रतिवेदनका आधारमा साझेदारको खोजिगरी लगानीको व्यवस्था मिलाइने छ ।
- बसन्तपुर, लसुने र दाँगपमा निर्माण भएका पुस्तकालयहरुको स्तरउन्नति गरी सामुदायिक पुस्तकालयको रुपमा विकास गरिने छ । जसको लागि आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था मिलाइने छ ।
- विभिन्न जातजातिका भाषा भाषिलाई संरक्षण गर्ने तथा पाठ्यक्रममा सामावेश गरी सरकारी कामकाजको प्रयोजन समेत हुने गरी व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।

- आदिवासी जनजातीहरुको परम्परागत ज्ञानलाई बोध गराई वौद्धिक सम्पतिको अधिकारलाई प्रयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- 

## कृषि तथा पशुपालन

- यस नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति तयार गरिनेछ साथै सोही नीतिका आधारमा लगानीको क्षेत्र निर्धारण गरिनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउन एवं बिषादीरहित (अर्गानिक) र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवस्यकतालाई आधार मानि उपलब्ध स्रोतको न्यायोचित विनियोजन गरिने छ ।
- ब्यवसायिक तरकारी खेती तथा उन्नतजातको फलफूल खेती गर्न कृषकहरुलाइ उत्प्रेरणा स्वरुप मलविउ तथा विरुवा खरिदमा अनुदान साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।
- फलफूल, तरकारी खेती र खाद्यान्न वाली प्रदर्शनी सञ्चालन गरी कृषकहरुलाइ परस्पर प्रतिस्पर्धी वनाउन कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषिको उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन विपन्न एवं जोखिममा परेका कृषकहरुको ज्ञान, सीप र क्षमाता विकास सम्वन्धी तालिमको ब्यवस्था गरिनुका साथै छिमेकी जिल्लाहरुमा सञ्चालित कृषि पकेट क्षेत्रहरुमा अध्ययन अवलोकन भ्रमण समेतको ब्यवस्था मिलाइने छ ।
- नगरपालिका क्षेत्रभित्रका वजार केन्द्रहरुमा कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने नीति लिइएको छ । जसवाट उत्पादित वस्तु वजार सम्म पुर्याउन सहजहुने अपेक्षा गरिएको छ ।
- तरकारी, फलफूल, नगदेवाली, जडिवुटी र खाद्यान्न वालीहरुको सम्भावाना भएका स्थान हरुमा पकेट क्षेत्रको रुपमा विकास गरिने छ, **"एक गाउँ एक उत्पादन, अर्गानिक उत्पादन हाम्रो पहिचान"**भन्ने नारालाइ निरनतरता दिदै युवापुस्तालाई कृषि उत्पादन तर्फ प्रेरित गरिने छ । यसवाट स्वरोजगार सृजना भइ वैदेशिक रोजगारीमा जाने वाध्यतामा कमीआउने अपेक्षा गरिएको छ । उक्त कार्यका लागि सम्वन्धित विषयगत निकायहरु संग साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।
- विभिन्न सामूदायिक वन तथा कबुलियति वनमा घाँस विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ यसले नगरपालिका क्षेत्रका पशुपालन गर्ने कृषकलाई प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ ।
- नगरपालिकामा एक उपयुक्त क्षेत्र छनौट गरी नमूनाको रुपमा एक घाँसवाली श्रोत केन्द्रको स्थापना गर्न प्रोत्साहित  गरिने छ । सोका लागि आवश्यक प्रविधि, सीप र श्रोत व्यवस्थापनमा विषयगत कार्यालय संग साझेदारीको नीति अवलम्वन गरिने छ ।
- वाखा र बंगुरपालन पेशालाइ ब्यवसायीकरण गर्न उन्नतजातको वीउवोका, विर खरिद गरी नश्लशुधारको कार्यक्रम सञ्चालन गर्ने तथा घाँसको सहज उपलब्धतालाइ ध्यानमा राखि कृषि तथा पशुसेवा इकाइको प्रविधिक सहयोग  मार्फत उन्नत जातको घास रोपण कार्यका लागि अभिप्रेरित गर्न सचेतीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- दुधको उत्पादन बढाई आत्मनिर्भर गराउनका लागि स्वच्छ दुध उत्पादन तथा विक्रिवितरण गर्न प्रोत्साहित गरिने छ । सोका लागि  चिस्यान केन्द्रहरुको स्थापना गर्ने र उत्पादित वस्तुको सहज  बजार सम्म  पहुच पुऱ्याउन आवश्यक समन्वय गरिने छ साथै आगामी आ.व.मानै दुग्ध प्रशोधन केन्द्र निर्माण सम्पन्न गरिने छ ।
- पशुको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादमा बृद्धि गर्ने कार्यक्रमको सम्भावना अध्ययन गरिएको छ । सोको प्रतिवेदनका आधारमा आगामी दिनका लागि कार्ययोजना वनाइ लागु गरिने छ ।

- विभिन्न रोगहरुवाटहुने पशुधनको क्षतिलाइ न्यूनीकरण गर्न  रोगहरुको पहिचान र उपचारको व्यवस्था मिलाईने छ । त्यसको लागि पशु सेवाका प्राविधिकहरुलाई गाउँमा नै उपचार गर्न खटाउने व्यवस्थालाइ प्रभावकारी वनाइने छ ।
- पशु विमाकार्यलाइ सार्थक र प्रभावकारी वनाइने छ ।
- उल्लेखित कार्यसम्पादन गर्न सञ्चालनमा रहीरहेको **"मेयरसंग किसान कार्यक्रम"** लाइ प्रभावकारी वनाइने छ यस कार्यक्रम मार्फत किसानलाइ अनुदान साझेदारी दिइने नीति लिइने छ साथै आवश्यक संख्यामा सामाजिक परिचालक, कृषि प्राविधिक र पशुसेवा प्राविधिक जनशक्तिको व्यवस्थापन गरिने छ ।

## बस्ती विकास तथा शहरी बिकास

- नगरपालिका क्षेत्र भित्र बन्ने कुनै पनि किसिमको संरचना एवं घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट अनुमति लिएर मात्र बनाउन पाउने कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिने छ । यसको लागि वडा कार्यालयहरुवाट समेत आवश्यक अनुगमन तथा समन्वय गर्ने ब्यवस्था मिलाइने छ ।
- घर नक्सा पास गर्न भवन निर्माण संहिता २०६० वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२, अनुसार भवन निर्माण कार्यविधि बनाई लागू गरिएकोले त्यसलाई आवश्यकता अनुसार संशोधन गरी कडाइका साथ कार्यान्वयन गराइने छ ।
- नगरपालिका  क्षेत्र भित्र बन्ने घरहरुलाई भूकम्प थेग्न सक्ने किसिमले निर्माण गर्नका लागि भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- नगरपालिका क्षेत्र भित्र बन्ने सरकारी भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा अपाङ्ग मैत्री हुनु पर्ने व्यवस्था लागू गरिने छ ।
- नगर सडक यातायात गुरुयोजना निर्माण गरिने छ । नगरस्तरीय सडकहरु ग्रावेल तथा पिच गर्न अनिवार्य रुपमा सडकको चौडाई ६ मिटर ( नाली र सेट ब्याक बाहेक ) हुनुपर्ने नीति लिईने छ । तोकिएको मापदण्ड नपुगी सडक पिच, ग्रावेल, खानेपानी तथा सडक बत्ती उपलब्ध नगराइने नीतिलाइ निरन्तरता दिइने छ ।
- सडक दाँयाबाँयाका अतिक्रमित भवन टहरा व्यवस्थापनका लागि नीति निर्माण गरी कार्यान्वयन गरिने छ ।
- भूउपयोग नीति अनुसार नगरको भू उपयोग योजना बनाई लागु गर्दै एकीकृत वस्ती विकासलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।

## सार्वजनिक जग्गा संरक्षण

- नगरक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिने छ । जसको लागि सुकुम्वासी तथा अव्यवस्थित वसोवास अभिलेखन तथा ब्यवस्थापन समिति गठन भइ सकेको छ भने कार्यसम्पादन गर्न आबश्यक ऐन तथा कार्यविधिको मस्यौदा तयारी भइ सकेको छ । गठित समिति मार्फत नगरक्षेत्र भित्रका ऐलानी/प्रतिजग्गाको लगत लिइ संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/प्रति जग्गाको संरक्षण र उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा र घुम्तीहरुलाई कानूनी दायरामा ल्याउन आवश्यक कार्यको थालनी गरिने छ । यस प्रयोजनका लागि आवश्यक स्रोतसाधनको ब्यवस्था नगरपालिकावाट गरिने छ ।

## पर्यटन

- लालीगुँरासको राजधानी भनि चिनिने यस नगरपालिका क्षेत्रमा विभिन्न प्रजातिका गुँरास फूल्ने भएकोले नेपाल र विश्वमा नै नगरपालिकालाई चिनाउनका लागि ***"पर्यटनको विकास : आर्थिक सम्वृद्धीको आधार"*** भन्ने मुल नारालाइ गत विगत नगर अधिवेशनले आत्मसाथ गरेको थियो । यस नगर क्षेत्रभित्रका सम्भाव्य पर्यटकीय गन्तव्य स्थलहरु चो?लुङ पार्क, आर आर गार्डेन, तीनजुरे डाँडा, ढुंगे मार्ग पोखरी पटेक डाँडा, रमिते डाँडा, पात्ले पोखरी, रात पोखरी, लम्वु झरना, हात्तीआहाल, सोल्मा चिया बगान, कैलास हिल, चित्रे

देखि पटके डाडा पैदल बाटो निर्माण, शिवजी गुफा, तीनकुने झरना आदि स्थानहरुमा पूर्वाधार निर्माण गरी पर्यटनलाई आन्तरिक आयको मुख्य स्रोतको रुपमा विकास गरिने छ । तीनजुरे, मिल्के, जलजले लालीगुँरास क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न नगर पर्यटन गुरुयोजना ( Municipality Tourism Master Plan) निर्माण गर्ने कार्य लाइ प्रमुख प्राथमिकतामा राखिने छ ।

- पर्यटकहरुलाइ गुराँसको राजधानीमा रहेको अनुभूति दिलाउनका लागि वसन्तपुरको प्रगति टोल बजार देखि आर. आर. गार्डेन सम्म पैदल हिंड्ने ट्र्याक बनाई Rock and Roddo Street निर्माण कार्य सुरुगर्ने संकल्प भइसकेको हुँदा । उक्त ट्र्याककोदुबै तर्फ विभिन्न प्रजातिका गुराँसको विरुवा रोपण कायक्रम सञ्चालन गरिने छ । वजार पार्कहरुमा रोडो, बेम्बो, अर्किडका विरुवा रोपणको नीति लिइएको छ । उक्त कार्यका लागि कार्य क्षेत्र मिल्ने विकास साझेदारहरु संग साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक/सांस्कारिक र पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने, नयाँ पर्यटकीय स्थलहरुको खोजी, पहिचान र विकास गर्ने र त्यस्ता स्थलहरको लगत संकलन गरी एकीकृत पर्यटकीय क्षेत्र समेट्ने गरी वृत्त चित्र निर्माण आगामी आ.व. भित्र सम्पन्न गरिने छ ।
- उपयुक्त स्थान पहिचान गरी होमस्टे सेवा सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।
- वडा नं. ६,७,८,९ को केन्द्र पर्ने गरी वोकेडाँडामा भ्यूटावर निर्माणका लागि गुरुयोजना निर्माण गरी लगानीको व्यवस्था मिलाइने छ ।

## वन,बातावरण तथा विपद व्यवस्थापन

- नगरक्षेत्र भित्रका सामुदायिक वनहरुको नीति कार्यक्रम नगरपालिकामा स्वीकृत गरिने तथा सामुदायिक वनले वन पैदावारको विक्रीवाट हुने आम्दानीको निश्चित हिस्सा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने नीति अवलम्वन गरिने छ ।
- सामुदायिक तथा सरकारी वन भित्रका नाँङगा डाँडाहरुमा बृक्षारोपण गर्ने नीति लाइ निरन्तरता दिइने छ ।
- नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानमा रहेका ढुंगा गीटी वालुवा माटो लगायतका निर्माण सामग्री उत्खनन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गरी सो को प्रतिवेदनका आधारमा मात्र उत्खनन गर्ने नीति लिइने छ ।
- वन क्षेत्रमा उपलब्ध हुने  चिराइतो, लोक्ता, अम्रिसो, कुरीलो, लौसी, वेदबाँस जस्ता विभिन्न प्रजातिका विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ ।
- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस नगरपालिकाले कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई नगरपालिकाले प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।
- वातावरण मैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ । हरित शहरको अवधारणा अनुरुप पार्क निमार्ण, विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।
- पानीका मूहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याइनेछ ।
- नगरका प्रत्येक वडाहरुमा विपद पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा हुने प्राकृतिक प्रकोप र विपद व्यवस्थापनको लागि चालु आ.व देखि नै विपद व्यवस्थापन कोषको व्यवस्था मिलाईएको छ साथै यस कार्यलाइ निरन्तरता दिइने छ ।

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनः

- स्वच्छ खानेपानीमा सबै नगरबासीको पहुच पुर्याउने साथै मुहान संरक्षण गरी खानेपानीको समस्याको दीगो समाधान खोजिने छ ।
- पारिवारिक सरसफाई र सामुहिक सरसफाई सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- बजार केन्द्रबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका लागी उपयुक्त ल्याडफिल्डसाइटको व्यवस्था गरिने छ ।
- पिंगुवा र परेवा खोलामा मुहान थापी पानी सुद्धीकरण गरी खानेपानीको अभाव पूर्ती गर्न दीर्घकालिन योजनाको थालनी गरिने छ ।

## सिचाई

- परेवा, लम्बु, छिपुवा र पिंगुवा खोला बाट सम्भाव्यता र आवश्यकताका आधारमा सिचाई कुला निर्माण गरिनेछ ।
- तरकारी पकेट क्षेत्र रहेका स्थानहरुमा स्प्रिङकल सिचाईको व्यवस्था गरिने छ ।
- प्लाष्टिक पोखरी लगायत बैकल्पिक सिचाईका प्रविधि मार्फत सिचाइको व्यवस्था गरिने छ ।
- उल्लेखित कार्यका लागि साना सिचाइ आयोजना संग आवश्यक छलफल गरी प्रतिवद्दता समेत जाहेर गरिएको छ । आयोजना सञ्चालनमा नगरपालिकाले साझेदारीको नीति अवलम्वन गर्ने छ ।

## उद्योग

- स्थानीय स्रोत, साधन र सीप परिचालन हुने गरी व्यवसायिक तालिम सञ्चालन गरिने छ । जस वाट वजार सुहाउदो घरेलु उत्पादन ( ढाका, राडी पाखि) तथा दुधजन्य उत्पादन प्रशोधन सम्वन्धी ज्ञान सीप हसील भइ आयआर्जनमा वृद्दिहुने आसा राखिएको छ ।

## सामाजिक परिचालन

सामाजिक परिचालन स्थानीय श्रोतसाधन तथा जनशक्तिको आधिकतम प्रयोग गरी दीगो विकास लक्ष प्राप्त गर्ने माध्यम हो । वर्तमान सन्दर्भमा संघीयता कार्यान्वयन भइरहदा विगतमा  सबै क्षेत्र बाट सम्पादन भएका सामाजिक परिचालनका कार्यहरु, गठन भएका नागरिक समाजका संस्थाहरुको दीगोपना तथा निरन्तरता साथै समुदायमा रहेका घुम्ती कोष तथा आन्तरिक बचत जस्ता रकमहरुको सही र पारदर्शी ढंगबाट परिचालन गर्ने जिम्मेवारी स्थानीय सरकारमा नै रहेको हुदा उक्त कार्यको निरन्तरता निम्न अनुसार गरिने छ ।

- एक बस्ती एक संगठनको अवधारणालाई क्रमश अवलम्बन गर्ने
- छरिएर रहेका पूजीलाई सहकारी मार्फत परिचालन गर्न समुदायलाई उत्प्रेरित गर्ने ।
- स्थानीय स्तरमा गठित नागरिक समाजका संस्थाहरुलाई स्थानीय सरकार लगायत अन्य सेवा प्रदायक संग सहर्काका लागि उत्प्रेरित गर्ने ।

## लैंगिंक समानता तथा सामाजिक समावेशी विकास

- आय आर्जन तथा स्वरोजगार जस्ता कार्यक्रमहरुमा महिला, दलित, आदिवासी जनजाति हरुलाई विशेष प्राथमिकता दिई मूलप्रवाहीकरण गर्ने नीति अवलम्बन गरिने छ । यसै आ.व. वाट सञ्चालनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत लक्षित वर्गलाइ प्राथमिकता दिइ रोजगारीको अवसर सिर्जना गरिने छ ।
- जेष्ठ नागरिकहरुको अनुभवलाई संम्पतिको रुपमा स्वीकार गरि ज्येष्ठ नागरिकहरु प्रतिको सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सामाजिक सुरक्षा भत्ता सुविधाजनक ढंगले वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- अपाङ्गमैत्री संरचना निर्माणको नीतिलाई कडाईका साथ अनुसरण गरिने छ ।
- अपाङ्गता भएको व्यक्तिहरुका लागी स्वरोजगार सिर्जना हुने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- दलित हक अधिकार सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- कुनै पनि प्रकारको जातीय छुवाछात सामाजिक रुपमा अपराध हो भने कानुनी रुपमा दण्डनीय हो त्यसले छुवाछुत मुक्त नगरपालिका घोषण गर्ने नीति अवलम्बन गरिने छ ।
- नीति निर्माण देखि कार्यान्वयनका चरण सम्म बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

**न्याय सम्पादन**

- स्थानीय सरकारको न्यायपालिकाको रुपमा रहेको न्यायिक समितिलाई निश्पक्ष र निर्भिक रही न्याय सम्पादन गर्न समितिका संयोजक तथा सदस्यहरुका लागी प्रचलित कानुन साथै प्रथा परम्परा जस्ता कानुनका श्रोत समेतको जानकारी तथा प्रचलन सम्बन्धी  क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- बस्ति तथा वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता मार्फत छिटो, छरितो र विश्वासनीय ढंगबाट विवादका पक्षहरुलाई मेलमिलाप गर्न उपयुक्त वातावरण तयार गरिने छ ।
- समितिबाट सम्पादन भएको न्यायिक कार्यको अभिलेखीकरण गरिने छ । जसका लागि आवश्यक पर्ने जनशक्ति र वजेटको व्यवस्थापन गरिने छ ।

**राजश्व**

- कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने अनुभूति दिलाउन चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- राजश्वबाट संकलित रकमलाई राजश्व संकलन हुने क्षेत्रका विकासाम न्यायोचित ढंगले विनियोजन गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिका क्षेत्रभित्रका साना ठूला सवै ब्यपार ब्यवसायहरुलाइ न्यायोचित ढंगले करका दायरामा ल्याउने नीति लिइने छ ।

**कर्मचारी प्रशासन**

- उच्च मनोवल नै गुणस्तरीय सेवा प्रवाहको आधार हो, तसर्थ नीति नियम कानुन वमोजिमका कार्य उच्च मनोवलका साथ सम्पादन गर्न कर्मचारीहरुलाई उत्प्रेरित गरिने छ ।
- कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ
- कार्यबोझको आधारमा कर्मचारीहरुलाई थप पारिश्रमिक उपलब्ध गराउन आवश्यक गृहकार्य गरिने छ ।

**नगरसभाका सदस्यज्यू हरुः**

मलाइ यो नीति तथा कार्यक्रम तयार पार्न आवश्यक सल्लाह सुझाव दिई सहयोग गर्नु हुने उप प्रमुख लगायत नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर बासी विद्वत वर्ग, साथै प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

साथै आगामी आ.व. २०७६।०७७ को अनुमानित शीर्षकगत आया ब्यय वजेट प्रस्तुत गर्न यस नगरपालिकाका उप प्रमुख श्री तीला पोखेलज्यूलाइ  अनुमति प्रदान गर्दछु ।

धन्यवाद                    मिति २०७६।०३।१०

**नगर सभाका सदस्यज्यूहरु,**

**नगरसभाको अर्को बैठक मिति २०७६ साल असार २७ गते सुक्रवार विहान ११ वजे व स्ने गरी आजको वैठकको कार्यवाही यही समाप्त भएको जानकारी गराउदछु ।**

**धन्यवाद ।**